# [१] जापान पुनः प्रवेश गर्नु अघि जापान बाहिर रहेको बेलामा भिसाको बसोबास म्याद नाघेको व्यक्ति र [२] बसोबास योग्यता प्रमाणपत्रको मान्य म्याद नाघेको व्यक्तिको बसोबास योग्यता प्रमाणपत्र जारी आवेदनबारे

तलको [१] र [२] अनुसार पेस गर्ने कागजात सरलीकरण गरिएको छ। साथै सामान्य अवस्थामा भन्दा छिटो परीक्षण गरिनेछ।

| | [१] जापान पुनः प्रवेश गर्नु अघि जापान बाहिर रहेको बेलामा भिसाको बसोबास म्याद नाघेको व्यक्ति | [२] बसोबास योग्यता प्रमाणपत्रको मान्य म्याद नाघेको व्यक्ति |
| --- | --- | --- |
| यसमा पर्ने व्यक्तिहरू | ○ यसमा जापान पुनः प्रवेश गर्दा, जापान बाहिर जानु अघिको गतिविधि विवरण र पारिवारिक तथा कार्य स्थिति आदिमा परिवर्तन नभएको व्यक्तिहरू पर्दछन्।<br>○ विदेशी नागरिक जसको पुनः प्रवेश गर्ने अनुमतिको म्याद जनवरी १, २०२० देखि अप्रिल ३०, २०२३ भित्र पर्छ।<br><br>(नोट १) यसमा भिसाको बसोबास म्याद समाप्त हुने मितिसम्म 1 महिना भन्दा कम भई म्याद भित्र जापान पुनः प्रवेश गर्ने मिति पक्का नभएको व्यक्तिहरू पनि पर्दछन्।<br>(नोट २) जापान पुन: प्रवेश गर्ने ब्यक्ति समेत<br>(नोट ३)「उच्चस्तरिय पेशा २ नम्बर」भिसामा रहनु भएका ब्यक्तिको हकमा पहिलेको कृयाकलाप अनुसार「उच्च स्तरिय पेशा १ नम्बर」（१,२,३ मध्ये कुनै एक）निबेदन दिनुहोस्। | ○यसमा अघिल्लो पटकको आवेदन विवरणमा परिवर्तन नभएको व्यक्तिहरू पर्दछन्।<br>※ बसोबास योग्यता प्रमाणपत्रको मान्य अवधिबारे<br>सामान्यतया 3 महिना मान्य हुन्छ तर अपवादको रूपमा, उक्त प्रमाण-पत्रको जारी समय अनुसार फ़रक फ़रक मान्य अवधी गरिएको छ (बिस्तृतमा यहां)<br><br>(नोट) यसमा योजना गरिएको जापान प्रवेश मितिसम्ममा बसोबास योग्यता प्रमाणपत्रको मान्य अवधि नाघिसकेको हुने व्यक्तिहरू पनि पर्दछन्। |
| आवश्यक कागजातहरू | • आवेदन फाराम<br>＊आफ्नो बसोबास योग्यता (भिसा) सँग मिल्ने "बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन फाराम" प्रयोग गर्न अनुरोध गर्दछौं।<br>• जापान भित्र्याउने निकाय आदिले तयार गरेको बयानपत्र<br>＊संलग्न गरिएको सन्दर्भ ढाँचा (फरक तालिका १, फरक तालिका २) हेरेर बनाउनुहुन अनुरोध गर्दछौं।<br>• पहिलेको रेसिडेन्स कार्डको प्रतिलिपि<br>＊रेसिडेन्स कार्डमा लेखिएको जानकारी निश्चय गर्न सकिने भएमा, फोटो वा फ्याक्स भए पनि स्वीकार गरिनेछ। पेस गर्न नसक्ने खण्डमा, त्यसको कारण लेखिएको व्याख्यापत्र (जुनसुकै ढाँचामा भए पनि हुन्छ) पेस गर्न अनुरोध गर्दछौं। | • आवेदन फाराम<br>＊आफ्नो बसोबास योग्यता (भिसा) सँग मिल्ने "बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन फाराम" प्रयोग गर्न अनुरोध गर्दछौं।<br>• जापान भित्र्याउने निकाय आदिले तयार गरेको बयानपत्र<br>＊संलग्न गरिएको सन्दर्भ ढाँचा (फरक तालिका १, फरक तालिका २) हेरेर बनाउनुहुन अनुरोध गर्दछौं।<br>▪ जारी गरिसकेको बसोबास योग्यता प्रमाणपत्र (मूल वा प्रतिलिपि)<br>＊भिसा आवेदन गर्ने बेला नै बसोबास योग्यता प्रमाणपत्र पेश गरिसकेको आदि कारणले गर्दा अहिले प्रमाणपत्रको मुल वा प्रतिलिपि पेश गर्न नसक्ने खण्डमा, त्यसको कारण लेखिएको व्याख्यापत्र (जुनसुकै ढाँचामा भए पनि हुन्छ) वा भिसा आवेदनको रसिदको प्रतिलिपि पेश गर्न अनुरोध गर्दछौं। |
| आवेदनको म्याद | • अप्रिल ३०, २०२३ सम्म | • जनवरी ३१, २०२३ सम्म |

➢ दुबैको अवस्थाको प्रक्रिया अवधि लगभग २ हप्ता हुनेछ। [१]को खण्डमा अघिल्लो पटकको अनुमति र [२]को खण्डमा अघिल्लो पटकको बसोबास योग्यता प्रमाणपत्र जारी गरेपछि पारिवारिक तथा कार्य स्थिति आदि परिवर्तन भएको जस्ता अवस्थाहरूमा, आवश्यकता अनुसार अन्य प्रमाण सामग्री पेस गर्न भनिन सक्छ (यस्तो अवस्थामा, परीक्षण गर्न बढी समय लाग्न सक्छ।)।

**निम्न प्रक्रिया अप्रिल ३०, २०२३ सम्म उपलब्ध छ। ＊विवरणहरूको लागि कृपया प्रत्येक लिङ्कको सन्दर्भ गर्नुहोस्।**

➢ बसोबास योग्यता "स्थायी बसोबासी" र "निर्धारित स्थायी बसोबासी" तथा "विशेष गतिविधि" मध्ये सार्वजनिक सूचनामा नपर्ने गतिविधि निर्दिष्ट गरेको व्यक्ति, बसोबास योग्यता प्रमाणपत्र जारी आवेदनको दायरामा नपर्ने हुनाले, जापानको दूतावास आदिमा भिसाको लागि आवेदन दिनुहोस्। (बिस्तृत बिवरणको लागि यहां (स्थायी बसोबासी) अथवा यहां ("निर्धारित स्थायी बसोबासी" तथा "विशेष गतिविध")। साथै अन्य बसोबास योग्यता चाहने तर जापानमा आवेदन प्रतिनिधि नभएको अवस्थामा पनि राजदूतावास आदिमा भिसाको लागि आवेदन दिनुपर्नेछ।